सिभिल बैंक लिमिटेड

# CIVIL BANK LTD.

**नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था**

कमलादी, काठमाडौं, नेपाल, पो.व.नं.९७९९ (काठमाण्डौ), फोन नं. ९७७-१-४१६९०३०/४१६९०३३
Email: info@civilbank.com.np, URL: www.civilbank.com

**को**

## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/११/२३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/१२/०१**

यस बैंकको हकप्रद शेयरहरु मिति २०७४/०८/२२ गतेका दिन देखि २०७४/१०/१२ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७४ को निर्देशन र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को परिच्छेद ३(१५) को प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७४ साल चैत्र १ गते भित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु: |
|---|---|
| १. | श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर, काठमाण्डौ। |
| २ | श्री लक्ष्मी बैक लिमिटेड, **उपत्यका बाहिर** विरगंज, विराटनगर, बुटवल, पोखरा, सुर्खेत, नेपालगंज र धनगढी। |

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण:**

| | | |
|---|---|---|
| **(क) संस्थापक शेयर** | : ३२,४४,६००.२५ | **कित्ता** |
| **(ख) सर्वसाधारण शेयर** | : ९,९२,८१९.५० | **कित्ता** |
| **जम्मा** | : ४२,३७,४२०.७५ | **कित्ता** |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ।

४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा संस्थापक समूहतर्फको लागि न्यूनतम १०० कित्ता र सर्वसाधारण समूहतर्फको लागि न्युनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।

५. शिलबन्दी खाम बाहिर सर्वसाधारणतर्फको शेयरको लागि आवेदन गर्दा "**सिभिल बैंक लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**" तथा संस्थापकतर्फको शेयरको लागि आवेदन गर्दा "**सिभिल बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। शिल बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।

६. **संस्थापक समूहको हकमा बिद्यमान संस्थापकहरुले मात्र आवेदन गर्न पाइनेछ।**

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौंमा रहेको खाता नं. **००५३४०१०७५७** मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा "**Laxmi Capital Markets Limited**" को नाममा जारी गरिएको **Good for Payment Cheque** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ। शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

९. बोलपत्रवालाले आफ्नो हितग्राही खाता नं. (Demat Account no.) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

१०. बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् कम्तिमा २ कार्यदिन अघि बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ।

११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ। आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।

१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ।

१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंको सूचना पाटी तथा वेवसाइटः laxmicapital.com.np मा हेर्न सक्नु हुनेछ।

१५. **संस्थापक शेयरको हकमा**
साथै हकप्रद शेयर बाँडफाँड पश्चात् बाँकी रहन गएको यस बैंकको संस्थापक समूहतर्फको अवितरित हकप्रद शेयरहरू लिलाम बढाबढ मार्फत संस्थापक शेयर खरिद गर्नको लगि विद्यमान संस्थापकहरूले सिभिल बैंक लिमिटेड, कमलादी, काठमाडौं स्थित कम्पनी सचिव/शेयर विभागमा सम्पर्क राखी मिति २०७४/१२/०१ गते सम्ममा शिलबन्दी बोलपत्र सोही कार्यालयमा पेश गर्न सकिनेछ। यस सम्बन्धी अन्य विस्तृत जानकारीको लागि यस बैंकको कम्पनी सचिवको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np